# स्थानीय राजपत्र

# मर्चवारी गाउँपालिकाद्वारा प्रकाशित

## मर्चवारी गाउँपालिकाको कोरोना भाइरस (COVID-19) रोकथामका लागि राहत वितरण कार्यविधि (२०७६)

जारी मिति (२०७६/१२/१५

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस COVID-19 महामारी प्रकोपको कारणले सृजना भएको अवस्थालाई यस गाउपालिकामा व्यवस्थापन गरी नागरिकहरुको दैनिकीलाई सहज बनाउन साथै विपन्नताको कारणले कुनै नागरिकले थप संकटको अवस्था भोग्न नपरोस् भन्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

**१. वडा स्तरीय समिति गठन ।**

क) नागरिकको पहिचान तथा राहत व्यस्थापनको लागि वडा स्तरमा तपशिल बमोजिमको वढिमा ९ सदस्यीय समिति गठन गर्ने । यस्तो समिति यदि वडा संघीयता कार्यान्वयन भन्दा अगाडिको गा.वि.स. रहेछ भने तत्कालका सबै वडावाट समेत प्रतिनिधि रहने गरी समिति गठन गर्नु पर्नेछ ।

**तपसिल**

| | |
|---|---|
| संयोजक | वडा अध्यक्ष |
| सदस्य | वडा समिति सदस्य सवै (कार्यपालिका सदस्य समेत) |
| सदस्य | मुख्य राजनितिक दलका १/१ जना प्रतिनिधि हुने गरी २ जना सदस्य समितिले तोकेको स्थानीय वुद्धिजिवी, समाजसेवी तथा उद्यमीवाट १ जना |
| सदस्य | वडा सचिव |

**२. राहत आवश्यक पर्ने नागरिकको पहिचान गर्ने ।**

क) दफा १ 'क' मा उल्लेखित भए बमोजिमको समितिको वैठक बसी तपसिलका मापदण्डका आधारमा रही राहत आवश्यक पर्ने घर परिवारको छनौट गर्नपर्नेछ ।

अ) कम्तिमा पाँच कठ्ठा सम्म जग्गा जमिन नहुँदा घरमा भएको उत्पादनले बर्षभरी खान नपुग्ने

आ) परिवारको कुनै सदस्य वैदेशिक रोजगार वा आन्तरिक व्यापार वा कुनै प्रकारको सरकारी/निजि क्षेत्र, गैर सरकारी क्षेत्रमा रोजगारीमा आवद्ध नभएको ।

इ) ज्यादै न्यून स्तरको आर्थिक अवस्था तथा उच्च गरिबी रहेको, ज्याला मजदुरी नगरे सम्म कम्तीमा २ छाक आफू र आफ्नो परिवार पाल्ने क्षमता नभएको ।

ई) सामाजिक न्यायको सिद्धान्तको आधारमा उक्त परिवार राहत छनौटमा पर्दा कुनै प्रकारको विवाद सृजना नहुने ।

उ) घरमा कनै खाद्य सामाग्री कोदो, मकै, चामलको भण्डारण नगरेको प्रयाप्त आधार भएको ।

ऊ) कुनै बिशेष परिस्थिति सृजना भई तत्काल राहत वितरण गर्नुपर्ने अवस्था सृजना भएमा गाउँकार्यपालिकाको निर्णय बमोजिम कार्यपालिकाका पदाधिकारीको रोहबरमा सोझै खरिद गरी वितरणको ब्यवस्था मिलाउदा कुनै बाधा पर्ने छैन तर पर्याप्त समय भएको अवस्थामा खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिम खरिद गर्नुपर्नेछ ।

ऋ) राहत बितरणको कार्यलाई प्रकोपको अबस्था र जनताको आवश्यकतालाई मध्यनजर गरी एक भन्दा बढि पटक गर्न सकिनेछ ।

**३. मर्चवारी गाउपालिकाका नागरिकका लागि राहत व्यवस्थापन गर्ने ।**

**क) पहिलो चरण**

कोरोना भाइरसको नियन्त्रणका लागि सरकारले गरेको बन्दाबन्दी अवस्थामा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुने गरी निम्न राहत सामाग्री बितरण गर्ने ।

| | |
|---|---|
| आलु- | ५ केजी |
| प्याज- | २ केजी |
| नुन- | १ केजी |
| साबुन- | १ थान |

**ख) दोश्रो चरण**

दफा १ क बमोजिम गठित समितिले दफा २ बमोजिम पहिचान गरेका नागरिकको प्रति परिवारका लागि एक पटकको लागि तपशिल बमोजिमको खाद्य सामाग्री बितरण गर्ने ।

| | |
|---|---|
| चामल- | १५ के.जी. |
| तेल- | १ लिटर |
| दाल- | २ के.जी. |

(आ) यसरी राहत उपलब्ध गराउँदा अन्य कुनै संस्था वा निकायवाट राहत प्राप्त गरे नगरेको यकिन गरी दोहोरोपन नहुने गरी उपलब्ध गराउने ।

(इ) राहत उपलब्ध गराउने परिवार छनौट गरेको निर्णय दफा १ 'क' बमोजिमको समितिको बैठकले प्रमाणित गरि सो को विवरण गाउँपालिका पठाउने ।

(ई) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाइ मानी सम्बन्धित वडाले अनुसूची ३ बमोजिम अभिलेख कायम गर्नुपर्नेछ ।

अनुसूचीहरु

अनुसूची-१

## १. राहत प्राप्त गर्ने नागरिक पहिचान फारम

घरमुलीको नाम थर:

ठेगान मर्चवारी गाउपालिका वाड नं. ..............

सम्पर्क नं. ..................................................

परिवार सदस्य संख्या ..................................

परिवारको सदस्यको नाम थर

| नाम थर | उमेर |
|---|---|
| क) | |
| ख) | |
| ग) | |
| घ) | |
| ङ) | |
| च) | |

## अनुसुची-२

## राहत प्राप्त गर्ने परिवारले राहत बुझिलिनेको भरपाई

बुझिलिएको सामाग्री

आल..............के.जी.
प्याज.............के.जी.
नुन...............के.जी.
साबुन............थान
चामल...........के.जी.
दाल ............के.जी.
तेल ............लिटर

घरमुलीको नाम थर

हस्ताक्षर..................................
मिति.....................................

**प्रमाणिकरण मिति : २०७६/१२/१५ गते**

**आज्ञाले**
**राम प्रसाद ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**